सामाजिक प्रभाव मुल्याङ्कन (**SIA**) –प्रतिवेदनको शारंस

१. परिचय

नेपालमा जडित कुल विद्युत क्षमता ६९७.८ मेगावाट मध्ये जलविघुतको योगदान ६४४.३ मेगावाट रहेको छ भने ५३.४ मेगावाट तापिय विघुत र ०.१ मेगावाट शौर्य शक्तिको योगदान रहेको छ । उर्जाको माग र आपुर्ति विचको अन्तरको कारणले देशले हाल १२ घण्टा भन्दा वढी लोडसेडीङ्ग खेप्नु परिरहेको छ । जसको कारणले देशको उत्पादन क्षेत्रको साथै सेवा र समग्र देशको आर्थीक विकाशमा समेत नकारात्मक असर परिरहेको छ ।

देशमा विद्यमान रहेको एकिकृत प्रशारण प्रणालीमा निर्माणाधीन हेटौंडा–भरतपुर २२० के.भी. प्रशारण लाइनको महत्वपूर्ण भुमिका हुनेछ किनकी यो आयोजना नेपालको मध्य भागमा रहेकोले देशको पश्चिमी क्षेत्रमा उत्पादन हुने विद्युत माग वढी हुने पुर्वी क्षेत्रमा प्रभाह गर्न सहज हुनेछ । जसले देशको उर्जा क्षेत्रमा रहेको माग र आपुर्ति विच सन्तुलन कायम गराई समग्र देशको सन्तुलित आर्थिक विकाशमा समेत टेवा पु¥याउने छ ।

२. आयोजना संवन्धी विवरण

प्रस्तावित प्रसारण लाइन आयोजना मध्य नेपालको २ जिल्ला चितवन र मकवानपुर अन्तरगत पर्ने महाभारत पवर्तको तल्लो रेन्ज र चुरे रेन्ज हुदै जान्छ । जसको कुल लम्वाई ७२ किलो मीटर छ । यस आयोजनाको अधिकांश भाग बन क्षेत्रमा पर्दछ भने बाँकी भाग खेतीयोग्य जमीन, वगर, खोला र बाटो क्षेत्रमा पर्दछ । यो आयोजना मकवानपुर जिल्ला हेटौंडा नगरपालीका वडा नं.१ चौकीटोलमा रहेको विद्यमान सवस्टेसनवाट सुरुभइ चितवन जिल्लाको भरतपुर नगरपालीका वडा नं। ११ स्थित जलदेवी सामुदायिक वन क्षेत्रमा रहने नयाँ सवस्टेसनमा आइ टुङ्गने छ । यसको अतिरिक्त यस आयोजना हेटौंडा नगरपालीका वडा नं.१ भैरव डाँडा देखी हेटौंडा नगरपालीका वडा नं.११ थानाभ¥याङ्गमा निर्माणाधीन नयाँ सवस्टेसन सम्मको २ कि.मी. खण्ड चार सर्किटको हुने गरी विस्तार गरिने छ । प्रस्तावित यस आयोजनावाट चितवन जिल्लाको ८ गा. वि. स. र १ नगरपालीकाको साथै मकवानपुर जिल्लाको २ गा .वि.स. र १ नगरपालीका गरी जम्मा १० गा.वि.स.र २ नगरपालीका प्रभावित हुने छन् ।

यस आयोजना अन्तरगत बन्ने टावरहरुको औसत उचाइ ४५ मी र टावरको आधार औसत १२.५ मी × १२.५ मी को हुने छ । यो टावर डवल सर्कीटको तार राख्नसक्नेगरी निर्माण हुनेछ । एक टावर देखी अर्को टावर विचको दुरी औसत ३५० मी र प्रसारण अधिकार सिमा (ROW) ३० मी (केन्द्र देखी दाँया १५मी वायाँ १५ मी) को हुनेछ ।

यस आयोजनाको रुट छनौट गर्दा प्राविधीक पक्षको अतिरिक्त अन्य सामाजिक विषयबस्तुहरु जस्तै वसोवास क्षेत्र, धार्मीक तथा संस्कृती क्षेत्र , स्कुल र अन्य सामाजिक संरचनाहरुलाइ समेत ख्याल गरी सकभर यस्ता संरचनाहरु प्रसारण अधिकार सिमा ९चइध्० मा नपर्ने गरी छनोट गरीएको छ । यस आयोजनाले सवस्टेसन र टावर राख्ने जमीन गरी जम्मा ६.९० हेक्टर व्यक्तीगत जग्गा अधिग्रहण गर्नेछ । यस आयोजनाको निर्माण अवधी २ वर्षको हुनेछ जसमा ४० जनाजती दक्ष, ६० जनाजती अर्धदक्ष र १५० जनाजती अदक्ष गरी जम्मा २५० जनाजती कामदारहरु संलग्न हुनेछन् । अदक्ष कामदारहरु सम्भब भएसम्म स्थानीय हुनेछन् ।

३. अध्यन विधि

सामाजिक प्रभाव मुल्याङ्कन प्रतिवेदन तयार गर्ने सिलसिलामा प्राथमिक र द्धितीय तथ्याङ्कक दुवैको सहयोग लिइएको छ । प्राथमिक तथ्याङ्क संकलनमा गुणात्मक र परिणात्मक दुवै अनुसन्धान विधीको प्रयोग गरिएको छ । यस प्रतिवेदन तयार पार्दा सन्दर्भ सामाग्रीको पुनरावलोकन, १४७ घरधुरीको सामाजिक र आर्थीक सर्वेक्षण , १० ठाउँमा सहभागीता मुलक ग्रामीण लेखाजोखा कार्याक्रम, बजार सर्वेक्षण र सम्वधीत जिल्लाका सरोकारवाला निकाय तथा व्यक्तिहरुसंग अन्तरकृया आदीे गरिएको थियो ।

सामाजिक प्रभाव मुल्याङ्कन प्रतिवेदन तयार गर्दा लिइएको तथ्यांङ्क र संवन्धीत विषयका विशेषज्ञहरुवाट दिइएको सुझावको आधारमा पुनर्वास कार्य योजना (च्ब्ए० प्रतिवेदन पनि तयार पारीएको छ । पुनर्वास कार्ययोजना प्रतिवेदन विश्व वैंकको प्रचलित निती तथा नेपाल सरकारको प्रचलीत नितीनीयम तथा कानुनी व्यवस्था आदीको अधीनमा रही तयार पारिएको हो ।

विश्व बैंकको सामाजिक सुरक्षा निति अन्तर्गको अश्वैच्छिक पुनर्वास सम्बन्धि नीतिको मुख्य उद्देश्य योजना तर्जुमाका सबैखाले विकल्पहरुको खोजी गरी सकेसम्म अश्वच्छिक पुनर्वास गराउने स्थिति आउन नदिने यदि यस्तो स्थिति आएमा सकेसम्म न्यून गर्ने रहेको छ; स्थान्तरणनै गर्नुपरेमा स्थान्तरण गरिएका मानिसहरुलाई आयोजना पुर्वको जीवनस्तर प्राप्त गर्न प्रभावितहरुको आय क्षमता, उत्पादन क्षमता वृद्धीगर्नेे वा कम्तिमा पनि पहिलेको जस्तै क्षमता कायम राख्न सहयोग गर्ने रहेको छ । यो निती ले भौतिक स्थानान्तरण मात्र नभई जग्गा जमिन वा कुनै सम्पतिको क्षतिका कारणले हुने स्थानान्तरण, बास वा सम्पतिको क्षति वा त्यसको पहँुचमा भएको असर, आयआर्जनको स्रोत वा जीविकोपार्जनको माध्यम आदिको क्षति जस्ता असरलाई समेत समेट्दछ । उपरोक्त कुनै पनि किसिमिको क्षतिमा यो नीति आकर्षित हुन्छ र अनिवार्य रुपमा पुनर्वास कार्ययोजना तयार गर्नु पर्दछ ।

आयोजनाको पुनर्वास कार्ययोजना प्रतिवेदनले घरधुरीलाइ ३ श्रेणीमा विभाजन गरेको छ ।

१. टावरले प्रभावित पारेको घरधुरी

२. सवस्टेसनले प्रभावित पारेको घरधुरी

३. प्रसारण लाइन अधिकार सिमामा परेको घरधुरी

आयोजना प्रभावित माथीका घरधुरीहरुलाइ निम्न अनुसार विभाजन गरीएको छ ।

ड्ड सीमान्तकृत रुपमा प्रभावित घरधुरी ः आफ्नो स्वामीत्वमा रहेको कूल जमीनको १०% भन्दा कम क्षति भएको घरधुरी ।

ड्ड गम्भीर रुपमा प्रभावित घरधुरी ः आफ्नो स्वामीत्वमा रहेको कूल जमीनको १०% भन्दा बढी क्षति हुने घरधुरी । आवसीय संरचनामा क्षति हुने घरधुरीहरु समेत यसै कोटीमा पर्दछन् ।

ड्ड जोखिममा परेका घरधुरी ः महिला मूली भएको घरधुरी, एकल महिला मूली रहेको घरधुरी, अशक्त-बृद्ध व्यक्तिमूली भएका घरधुरी, दलितका घरधुरीहरु यस कोटीमा पर्दछन् ।

यस प्रतिवेदन तयार पार्दा, आयोजनावाट प्रभावित १७४ घरधुरी मध्ये १४७ घरधुरीको मात्र सामाजिक आर्थीक अवस्थाको सर्वेक्षण गरीएको थियो ।

४. नीतीको समीक्षा

आयोजना पुनर्वास कार्य योजना र सामाजिक प्रभाव मुल्याङ्कन प्रतिवेदन तयारपार्दा प्रस्तावकले नेपाल सरकारको वर्तमान ऐननियमको साथै प्रमुख दातृनिकाय विश्व वैंकको सामाजिक सुरक्षा नितिको समेत पालना गरेको छ । साथै देशमा प्रचलीत विद्यमान ऐन जस्तै जग्गा प्राप्ती ऐन, स्थानीय स्वायत्त साशन ऐन, विद्युत ऐन तथा नियमावली, विश्व श्रम संगठनको माहासन्धी आदिको पनि समीक्षा गरीएको छ ।

५. सरोकारवाला संग अन्तरकृया, छलफल तथा गुनासो व्यवस्थापन

यस प्रतिवेदन तयार गर्दा सरोकारवाला व्यक्ति तथा संघसंस्थासंग वृहत छलफल गरिएको थियो । छलफलको क्रममा सरोकारवालाहरुले उठाएका सबालहरु जस्तै जग्गा घरको उचित क्षतीपुर्ती, जिवनस्तर सुधारका कार्यक्रमहरु, रोजगारी, प्रशारण लाइनको वैकल्पीक व्यवस्था, प्रभाव न्युनीकरणका कार्यक्रम तथा जिवनस्तर वृद्धि संवन्धी कार्यक्रम तथा उपाय, क्षती भएको संरचना निर्माण तथा सामुदायीक विकाश सहयोग कार्यक्रम आदिको वारेमा छलफल भएको थियो ।

आयोजनाको कार्यान्वयनको क्रममा उठेका र उठ्नसक्ने व्यक्तिगत तथा संस्थागत समस्या तथा विवादित विषयहरु संमाधान गर्न एउटा समस्या सुनुवाइ तथा समाधान संयन्त्रको निर्माण गरीनेछ यस संयन्त्र मार्फत व्यक्तिको व्यक्तीगत सम्पती र सार्वजनिक सम्पती तथा जग्गाको बिबाद समाधानको उपायको खोजी गरिने छ । वातावरण तथा सामाजिक व्यवस्थापन इकाइ कार्यालयले एक समस्या विवरण दर्ता पुस्तीकाको व्यवस्था गर्ने छ । उक्त पुस्तीकामा संवन्धीत सवै सरोकारवालाहरुले व्यक्तीगत सम्पतिमा भएको क्षती र आयोजना निर्माणको चरणमा आउने समस्याहरुका वारेमा विवरण दिन सक्नेछन् । यस्तो उजुरी समस्या सुनुवाइ तथा समाधान सँयन्त्रमा लागी समस्या समाधानको प्रयास गरीने छ ।

६. आयोजना प्रभावित परिवारहरुको आधारभूत अवस्था

आयोजना प्रभावित गा.वि.स.÷न.पा.को कुल जनसंख्या २,७७,२५६ मध्ये पुरुष १,४०,२३२ (५०.५८%) र महीला १,३७,०२५ (४९.४२%) रहेको छ । यस क्षेत्रमा कुल घरधुरी संख्या ५६,७९५ रहेकाले औसत संख्या ४.८८ रहेको छ । २०५८ सालको जनगणना अनुसार यस क्षेत्रमा ५७ जातजातीको बसोबास रहेको छ । जसमध्ये पाहाडी ब्राम्हण ३२.५६% तामाङ्ग, १३.४५%, क्षेत्री १३.४% छन् । यस क्षेत्रमा ७३.६७% ले नेपाली भाषा वोल्दछन । आयोजना प्रभावीत क्षेत्रको औसत साक्षरता दर ६८.१२% छ । मुख्य पेशाको रुपमा कृषीलाई अवलम्वन गरीएको छ । ७३.८७% मानिस कृषी पेशामा संलग्न छन् ।

सर्वेक्षण गरिएको कुल १४७ घरधुरीको जनसंख्या ९०२ छ । जसमा ५०।८९% पुरुष र ४९.११% महिला छन् । औषत परिवार संख्या ६.१४ छ जुन प्रभावित गा. वि. स. तथा नगरपालीको र प्रभावित जिल्लाको औषत परिवार संख्याको तुलनामा वढी हुन आउछ । सर्वेक्षणमा परेका जनसंख्या मध्ये ६वर्ष भन्दा माथीको जनसंख्याको २१.१% मानीस निरक्षर छन् । आयोजना क्षेत्रमा विविध जनजातीका मानिसहरुको बसोबास छ । सर्वेक्षण गरिएको घरधुरी मध्ये ३९.०९% तमाङ्ग (सीमान्तकृत वर्ग, २१।०९ % ब्राम्हणरछेत्री, २१।०९ % गुरुङ्ग, मगर र राई (पिछडीएको वर्ग), ६.१२% चेपाङ्ग (अती सीमान्तकृत वर्ग ), ६.१२% नेवार, ७.४८% दलीत (कामी, दमै, सार्की) को बसोबास छ ।

आयोजना प्रभावित क्षेत्रमा ६७.३५% ले  नेपाली भाषा वोल्दछन् भने २५.१७% ले तमाङ्ग ,२.७२ % ले चेपाङ्ग र २.०४ % ले गुरुङ्ग भाषा वोल्दछन् ।

कृषि, नोकरी, ज्यालादारी र व्यवसाय यस क्षेत्रका मानिसहरुको मुख्य पेशाहरु हुन् । सर्वेक्षण गरिएका घर परीवारको औषत वार्षीक आम्दानी १,५५,९८१ रु छ , जस मध्ये गैर कृषी क्षेत्रको योगदान ८८.२९% रहेको छ भने कृषि र पशुपालनको योगदान क्रमसस् ८ % र ३।७१ % रहेको छ ।  सर्वेक्षण गरिएको घर परिवारको  औषत वार्षिक खर्च १,२४,४२७ रु छ सवै भन्दा वढी खर्च खानामा (४५.५८%) छ । प्रभावित घरधुरीको औषत जग्गा स्वामित्व ०.३६ हेक्टर छ । धान, गहुँ, मकै, कोदो, तोरी ,दलहन यस क्षेत्रमा उत्पादन हुने प्रमुख खाध्यान्न तथा नगदे वालीहरु हुन् । कृषिको साथसाथै पशुपालन व्यवसाय पनी पेशाको रुपमा अपनाइएको पाइन्छ । ७०% मानिस पशुपालन ब्यवसायमा संलग्नरहेको देखिन्छ । सर्वेक्षणको क्रममा  आयोजना प्रभावित ८८.४४% मानीसहरुको आयोजना प्रती सकारात्मक धारणा रहेको पाइयो भने २.०४% को नकारात्मक र ९.५२% को तटस्ठ रहेको पाइयो । सर्वेक्षण गरिएका मध्ये १५.६५% मानीसहरुले रोजगारीको, ७७.५५% ले उचीत क्षर्तीपुतीको ,४.०८% ले स्थानिय विकाश र २.७२% ले विद्युतीकरणको आसा आयोजनावाट राखेको देखिन्छ ।

७. प्रभाव मुल्याङ्कन

आयोजनाको कार्यान्वयनवाट यस क्षेत्रका करीव २५० मानीसहरुले अस्थायी रुपमा रोजगारी प्राप्त गर्ने देखीन्छ । आयोजनाको कार्यान्वयनवाट स्थनीय सिप र दक्षतामा वृद्घी, आर्थीक वृद्घीको अवसर, ग्रामीण विद्युतीकरणको अवस्थामा सुधार ,राष्ट्रिय आयमा वृद्घी आदि जस्ता सकरात्मक प्रभावहरु पर्ने देखीन्छ ।  आयोजना कार्यान्वयन हुदा ६.९० हेक्टर नीजी जमीनको अधीग्रहण, २३० वटा निजी रुखहरु हटाउनुपर्ने, ११५ घर तथा टहराहरुको स्थान्तरण, ५ वटा धार्मीक संरचनाको स्थान्तरण, एउटा स्कुल कम्पाउन्ट प्रसारण लाइन अधिकार सिमामा पर्ने आदि आयोनावाट पर्ने प्रत्यक्ष नकारात्मक प्रभावका  क्षेत्रहरु हुन भने स्वास्थ र सरसफाइ, शान्ती सुरक्षा, जमीनको खण्डीकरण, सहरीकरण, भू–प्रयोगमा अवरोध, कृषि उत्पादकत्वमा कमी आदि अप्रत्यक्ष नकारात्मक प्रभावका क्षेत्रहरु हुन् ।

८. प्रभाब न्यूनिकरणका उपायहरु

आंकलन गरिएका नकरात्मक प्रभावहरुको न्युनिकरणको निमीत्व सुहाउँदो प्रभाव न्युनीकरणका उपायहरुको प्रस्ताव गरिएको छ । यस सामाजिक प्रभाव मुल्याङ्क प्रतिवेदन कार्यान्वयन गर्दा निम्न लिखित प्रभाव न्युनिकरणका उपायहरुको अवलम्वन गरिने छ ।

क. निजि सम्पत्ती (जग्गा, घर, टहरा, रुख आदि ) को प्रतिस्थापन मुल्य वरावरको क्षतिपुर्ति दिइने  छ ।

ख. जुन व्यक्तिको घर पुनःस्थापना गर्नुपर्ने छ त्यस्ता व्यक्तिहरुको लागी स्थान्तरण खर्च, यातायात   खर्च, घरभाडा खर्च  आदि समेत उपलब्ध गराईने छ ।

ग. जिविकोपार्जनको निमित्व प्रभावित व्यक्तिहरुको लागी विभिन्न प्रकारका सिप विकाशका तालिम   संचालन गरिनेछ ।

ङ. स्वाथ्य सुरक्षा र सरसरसफाइको वारेमा जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

च. पेशागत स्वाथ्य र सुरक्षा संवन्धी तालीम, सामाजिक सचेतना तालीम कार्यक्रमहरु संचालन  गरिनेछ ।

९. संस्थागत व्यवस्थापन र अनुगमन

आयोजनको सम्पुर्ण व्यस्थापकिय कार्यको दाइत्व हेटौंडा–भरतपुर २२० के भी प्रशारण लाइन आयोजनाको हुने छ । केन्दीय र आयोजना तहगरी जम्मा २ तहमा आयोजनको संस्थागत व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ । केन्दीय तहमा वातावरण तथा सामाजिक अध्ययन विभाग, उर्जा मन्त्रालय, विद्युत विकाश विभाग आदी कार्यालयहरुले सामाजिक प्रभाव मुल्याङ्कन प्रतिवेदनको कार्यान्वयनमा अनुगमन गर्ने छन् । यसको अतिरिक्त विशेषज्ञहरुको टोलीले पनी समय समयमा आयोजनाको अनुगमन गर्ने व्यवस्था गरिएको छ । यस्तै आयोजना तहमा आयोजना प्रमुख, जग्गा अधिग्रहण तथा पुनःस्थापना इकाइ ,वातावरण तथा सामाजिक व्यवस्थापन इकाइ, क्षतीपुर्ती निर्धारण समिति, ठेकेदार र जिल्ला स्थीत सरोकारवाला निकायहरुले आयोजनाको अनुगम तथा नियमन गर्ने छन् ।

१०. कार्यान्वयन तालीका

सामाजिक प्रभाव मुल्याङ्कन प्रतिवेदनको कार्यान्वयन आयोजनाको निर्माण संगै क्रमस ३ वर्ष भित्र पुरा गरिने छ ।

११.वजेट

सामाजिक प्रभाव मुल्याङ्कन प्रतिवेदनको कार्यान्वयन गर्दा जम्मा रु ८३.२४ मिलीयन खर्च हुने देखिएको छ । उक्त खर्च प्रसारण लाइन अधिकार सिमा (ROW) मा पर्ने जग्गाको क्षतीपुर्ति, सुरक्षा तालीम तथा जनचेतना मुलक कार्यक्रम, स्वस्थ र सरसफाइ संवन्धी कार्यक्रम, समूदाय सहयोग कार्यक्रम आदीको लागी गरीनेछ ।

१२.निष्कर्ष

राष्ट्रिय महत्वको आयोजना भएको र मुल्याङ्कन पछीको नतिजाको आधारमा आयोजनाले सामाजिक रुपमा पार्ने नकारात्मक प्रभाव भन्दा तुलनात्म रुपमा सकारात्मक पक्ष सवल छ । त्यसैले आयोजना कार्यान्वयन गर्न सम्भब देखिन्छ ।